# कार्यालय सहयोगि सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः २०७४/१२/१४ गते

यस माई नगरपालिकाको लागि कार्यालय सहयोगि पदमा २०७५ साल आषाढ मसान्त (आपसी समझदारिमा म्याद थप गर्न सकिने) सम्मको लागि करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट माई नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वकको दरखास्त फाराम पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| वि.नं. | पद/श्रेणी | सेवा/समूह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | परीक्षाको किसिम | तलव स्केल (मासिक) | उमेरको हद (दरखास्त दिने अन्तिम मिति सम्ममा) | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| ०५-०७४/७५ | कार्यालय सहयोगी | प्रशासन | ११ | SLC/SEE उत्तीर्ण गरी कम्प्युटर सम्वन्धि वेसिक कोर्ष गरेको | लिखित , प्रयोगात्मक र अन्तर्वार्ता | सो पदलागि नेपाल सरकारले तोकेको सुरु स्केल /- | १८ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको(महिला उमेर को हकमा ४० वर्ष) | रु. ३००/- |

१. दरखास्त दिने स्थानः माई नगरपालिकाको कार्यालय, शितली, इलाम ।

२. दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्टसम्म ।

३. सम्पर्क मितिः दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट र सो दिन सार्वजनिक विदा परेमा त्यसपछिको कार्यालय खुल्ने पहिलो दिन ।

४. काम गर्नुपर्ने स्थानः नगरपालिका वडा कार्यालयहरु ।

५. दरखास्त फाराम यस माई नगरपालिकाको कार्यालय र वेवसाइट http://maimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

६. दरखास्त फाराम साथ पेश गर्नुपर्ने कागजातहरुः नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाण पत्र उम्मेदवार स्वयले प्रतिलिपि प्रमाणित गरि पेश गर्नुपर्नेछ । (विदेशी वोर्डबाट उत्तीर्ण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ । )

७. दरखास्त दस्तुर वापतको रकम यस नगरपालिकाको नाममा सनिमा बैक माई शाखा मा रहेको संचितकोष खाता नं ०५२००००००६०१ कार्यालयमा बुझाई सो को सक्कल भौचर दरखास्त फाराम साथ राख्नुपर्नेछ ।

८. सम्झौता र कार्य शुरु गर्नुपर्ने मितिः छनौट भएको उम्मेदवार र माई नगरपालिका बीच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र सम्झौता गरी कार्य आरम्भ गर्नुपर्नेछ । सो मिति भित्र संझौता गर्न नआएमा त्यसपछिको योग्यताक्रम भएका उम्मेदवारसँग सम्झौता गरिनेछ ।

९. परिक्षाको मिति सम्पर्क मितिको दिन तोकिनेछ ।

..........................

(सदस्य सचिव)

पदपूर्ति समिति